**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ सितम्बर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले ब्रिक्स शिखर सम्मेलनलाई सफल र परिणाममुखी बनाउनका लागि ब्रिक्स नेताहरु प्रति कृतज्ञता व्यक्त गर्नु भएको छ।

- पश्चिम बंगाल सरकारले भूमि मालिकहरुको जानकारी बिना गरिने फर्जी भूमि पंजीकरणलाई रोक्न एक प्रौद्योगिकी-आधारित प्रणाली शुरू गरिरहेको छ।
- आज देशभरि गणेश चतुर्थीको पर्व श्रद्धा र हर्षोल्लासका साथ मनाइँदैछ।

- सोनादा डिग्री कलेजको ४१औं स्थापना दिवस समारोह विविध सांस्कृतिक कार्यक्रम, सम्मान तथा सम्बर्द्धनाका साथ भव्य रूपमा सम्पन्न भएको छ।

- दुधेस्थित बेली ब्रीज मरम्मतीको मध्येनजर भोली विहान 6 बजेदेखि साँझ 6 बजेसम्म बन्द रहने जानकारी प्राप्त भएको छ।

**ब्रिक्स - सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिक्सका सबै सदस्य देशका नेताहरू प्रति दिल्लीमा आयोजित शिखर सम्मेलनलाई सफल र परिणाममुखी बनाएकोमा आभार व्यक्त गर्नुभएको छ।दुई दिने शिखर सम्मेलनका विशेष क्षणहरू दर्शाउने एक वीडियो प्रधानमन्त्रीको सामाजिक सञ्जाल ह्यान्डलहरूमा पोस्ट गरिएको छ।भिडियोमा प्रधानमन्त्रीले ब्रिक्सको माध्यमले भारतले विश्वव्यापी रूपमा मित्रता, साझेदारी र सहयोगलाई अघाड़ी बढ़ाएको बताउनुभयो।श्री मोदीले शिखर सम्मेलनमा अपनाईएको 'नयाँ दिल्ली घोषणापत्रले भविष्यको सहयोगको लागि साझा दृष्टिकोण र स्पष्ट दिशा प्रदान गर्ने बताउनुभयो।

बाईट

ब्रिक्स नेताहरूले ऊर्जा सुरक्षा सामाजिक तथा आर्थिक विकास, राष्ट्रिय सुरक्षा र सबै देशहरूको कल्याणको लागि महत्त्वपूर्ण आधार भएको बताएका छन्।नयाँ दिल्लीमा आयोजित दुई दिने ब्रिक्स शिखर सम्मेलनमा सदस्य देशहरूले ऊर्जा बजारमा स्थिरता सुनिश्चित गरेर र विभिन्न स्रोतहरूबाट ऊर्जाको निर्बाध प्रवाहलाई यथावत राख्ने तथा महत्वपूर्ण ऊर्जा प्रतिष्ठानहरूको सुरक्षा गरेर ऊर्जा सुरक्षा बढाउनुपर्ने आवश्यकतामा जोड दिएका छन्।सम्मेलनको क्रममा, प्रधानमन्त्री नरेन्द्र मोदीले आर्थिक वा राजनीतिक दबाबको लागि प्रौद्योगिकी र महत्वपूर्ण खनिज पदार्थको प्रयोग गर्नाले प्रगतिमा बाधा पुग्न सक्ने सचेत गराउनु भयो।दुई दिने ब्रिक्स शिखर सम्मेलन लचिलोपन, नवाचार, सहयोग र सतत विकासमा केन्द्रित रह्यो।भारतले आफ्नो अध्यक्षता अवधि, जनताको विकास र ग्लोबल साउथको हितमा विशेष महत्व दियो।यस सम्मेलनको सबैभन्दा ठूलो उपलब्धि सम्मेलनको पहिलो दिनमै सर्वसम्मतिले नयाँ दिल्ली घोषणापत्र अपनाईएको थियो।पश्चिम एसियाको स्थिति बारे ब्रिक्स नेताहरूले सबै पक्षहरूलाई अधिकतम संयम अपनाउन र संवाद र कूटनीतिको माध्यमले समस्या समाधान गर्न आह्वान गरे।साथै, आम मानिसहरुको सुरक्षा र नागरिक सुविधाको आवश्यकतामा पनि जोड दिइयो। यसका साथै, सबै नेताहरूले सबै प्रकारका आतंकवादको कडा निन्दा गरे र आतंकवाद विरुद्ध शून्य सहनशीलताको नीतिप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याए।

**पश्चिम बंगाल – संपत्ति**

पश्चिम बंगाल सरकारले भूमि मालिकहरुको जानकारी बिना गरिने फर्जी भूमि पंजीकरणलाई रोक्न एक प्रौद्योगिकी-आधारित प्रणाली शुरू गरिरहेको छ। यो संपत्ति पंजीकरणलाई अधिक सुरक्षित अनि पारदर्शी बनाउन एक महत्वपूर्ण प्रशासनिक कदम हो। यस संबंधमा स्टाम्प ड्यूटी अनि पंजीकरण विभागले चाडै मोबाइल ऐप लॉन्च गर्नेछ। यस ऐपले पंजीकरण कार्यालयहरुमा क्रेता अनि विक्रेताहरुको पहिचानलाई डिजिटल रूपले सत्यापित गर्नेछ। यस प्रणालीको पायलट प्रोजेक्ट आगामी सप्ताह बिधाननगरमा शुरू हुनेछ अनि दुइ सप्ताहको परीक्षणपछि दुर्गा पूजादेखि सम्पूर्ण राज्यमा लागू गरिने आशा छ।

**बालविवाह आकड़ा**

पश्चिम बंगालमा बालविवाहसित संबंधित तथ्याङ्क चिन्ताजनक छ। राष्ट्रिय परिवार स्वास्थ्य सर्वेक्षण-5 (NFHS-) अनुसार, देशमा 20 देखि 24 वर्ष आयु वर्गका 23.3 प्रतिशत महिलाहरूको विवाह 18 वर्षको उमेरभन्दा पहिले नै भएको छ । त्यही पश्चिम बंगालमा यो संख्या लगभग 42 प्रतिशत छ।यसको अर्थ राज्यमा लगभग प्रत्येक दुई किशोरीहरू मध्ये एकको विवाह कानुनी रूपमा वयस्क हुने उमेर नपुग्दै हुन्छ। बालविवाहको सन्दर्भमा पश्चिम बंगाल देशको सबैभन्दा खराब प्रदर्शन गर्ने राज्यहरूको सूचीमा शीर्ष स्थानमा छ।

**बागी तृणमूल नेता भाजपामा सामेल**

पश्चिम बंगालमा तृणमूल कांग्रेसबाट अलग भएर नेशनलिस्ट सिटिजंस पार्टी ऑफ इंडियामा सामेल भएका 20 लोकसभा सांसदहरु मध्ये 17 जना अर्को महिना भारतीय जनता पार्टीमा सामेल हुने सम्भावना छ।कुचबिहारका लोकसभा सांसद तथा एनसीपी सांसदहरूको समूहका प्रमुख नेताहरूमध्ये एक जगदीशचन्द्र बर्मा बसुनियाले आज यो दाबी गर्नु भएको हो। । बसुनियाले भन्नुभयो मुर्शिदाबादका अबु ताहेर खान, बहरामपुरका युसुफ पठान र जंगीपुरका खलीलुर रहमान सिधै भाजपामा सामेल हुन चाहँदैनन्।यद्यपि, यी तीन सांसदहरू राष्ट्रिय जनतान्त्रिक गठबन्धनमा नै रहनेछन्।
उहाँले बाँकी 17 सांसदहरू दुर्गा पूजा अघि वा तुरुन्तै एनसीपीआई छोडेर भाजपामा सामेल हुने दाबी गर्नुभएको छ।

**दुधे पुल**

दुधेस्थित बेली ब्रीज मरम्मतीका लागि भोली 15 सेप्टेम्बरको दिन विहान 6 बजेदेखि बेलुकी 6 बजेसम्म बन्द रहने जानकारी प्राप्त भएको छ। मिरिक ट्राफिक पुलिसद्वारा जारी निर्देश अनुसार भोली मिरिक- सिलगढी वाहन सुके - घुम हुँदै आवतजावत गर्नु पर्नेछ भने एम्बुलेन्स सेवाको लागि मात्र नोल पुटुङ तर्फको मार्ग खुल्ला रहनेछ।

**सोनादा डिग्री कलेज**

सोनादा डिग्री कलेजको ४१औं स्थापना दिवस समारोह विविध सांस्कृतिक कार्यक्रम, सम्मान तथा सम्बर्द्धनाका साथ भव्य एवं गरिमामय रूपमा सम्पन्न भयो। समारोहका प्रमुख अतिथि क्षेत्रीय विधायक सोनाम लामाले कलेजको पूर्वाधार तथा शैक्षिक विकासका लागि आफ्नो विधायक कोषबाट ५ लाख रुपियाँ प्रदान गर्ने घोषणा गरे। यसैगरी कलेजका भूमिदाता मिमानी परिवारका प्रतिनिधि दीपङ्कर मिमानीले कलेजका तीनजना विद्यार्थीलाई प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गर्ने घोषणा गरे।

**गणेश चतुर्थी पालन**

राज्यको बिभिन्न भाग सरह पहाडका एकाधिक क्षेत्रहरुमा पनि गणेश चतुर्थी पालन गरियो। दार्जीलिङ, कालेबुङ, खर्साङ, मिरिक लगायत सुकुनामा गणेश चतुर्थीलाई उत्साहका साथ मनाइएको जानकारी प्राप्त भएको छ। मिरिक बजारमा मिरिक युवा संघको आयोजनामा यस पर्वलाई हर्षोल्लासका साथ पालन गरिएको छ। संघका अध्यक्ष नितेस गुप्ताले बताए अनुसार तीन दिवसीय पर्व बुधबार समापन हुनेछ। यसका साथै उनले क्षेत्रवासीलाई यस पर्वमा सामेल भइदिने अनुरोध गरे।

**मुख्यमंत्री- शुभकामना**

मुख्यमंत्रीले सोशल मीडियामा पोस्ट मार्फत भगवान श्रीगणेशको स्मरण गर्दै सबैको सुख, शांति अनि समृद्धिको कामना गर्नुभयो।
श्री शुभेंदु अधिकारीले आफ्नो संदेशमा गणेश स्तुति, “वक्रतुण्ड महाकाय सूर्यकोटिसमप्रभः। निर्विघ्नं कुरु मे देव शुभकार्येषु सर्वदा॥”को बन्धना गर्नुभयो| उहाँले भन्नुभयो विघ्नहर्ता अनि सिद्धिदाता भगवान श्रीगणेशको कृपाले सबैको जीवनको बाधा अनि विघ्न दूर होस्|
मुख्यमंत्रीले भगवान श्रीगणेशले सबैको सुख, बुद्धि, सु-स्वास्थ्य, सफलता अनि समृद्धि प्रदान गर्ने प्रार्थना गर्नुभयो। उहाँले कामना गर्नुभयो भगवान श्रीगणेशको कृपाले प्रत्येक घरमा शांति, आनंद अनि मंगलमय वातावरण बनिरहोस।
मुख्यमन्त्री शुभेंदु अधिकारीले सबैलाई गणेश चतुर्थीको हार्दिक शुभकामना दिनुहुँदै संदेशको अन्त्यमा “गणपति बाप्पा मोरया” को जयघोष गर्नुभयो|

## हिन्दी दिवस

देशभरि आज हिन्दी दिवस मनाइँदैछ। सन् 1949 मा यसै दिन संविधान सभाले देवनागरी लिपिमा लेखिएको हिन्दीलाई देशको आधिकारिक भाषाको रूपमा अपनाएको थियो। आज, हिन्दी विश्वमा सबैभन्दा धेरै बोलिने भाषाहरू मध्ये एक हो र 52 करोडभन्दा बढी मानिसहरूको पहिलो भाषा हो।

**बाईट**

**हिन्दी दिवस त्यो दिन हो जब हामी कुनै भाषाको उत्सव मात्र मनाउँदैनौं तर शब्दहरूको माध्यमले हामीलाई एकअर्कासँग जोड्ने भावनालाई पनि नमन गर्दछौँ।**

**सन्त कबीरले यस्तो भन्नुभएको छ**
**ऐसी वाणी बोलिए, मन का आपा खोय।**
**औरन को शीतल करे, आपहुं शीतल होए**

**वाणी केवल संवादको माध्यम मात्र होइन, हाम्रो संस्कृतिको पहिचान पनि हो। हिन्दीले शताब्दीयौंदेखि भावनाहरूलाई शब्द दिएको छ।**
**भाषाको वास्तविक महिमा सबैलाई ज्ञान पहुँचयोग्य बनाउन र समाजलाई एकजुट गर्न सक्ने क्षमतामा निहित छ। त्यसैले, भारतेन्दु हरिश्चन्द्रले पनि भन्नुभएको छ,**

**निज भाषा उन्नति अहै, सब उन्नति को मूल।**
**बिन निज भाषा-ज्ञान के, मिटत न हिय को सूल।।**

**यस हिन्दी दिवसमा, हामीले एक दिनको लागि मात्र हिन्दीलाई स्मरण गर्ने छैनौ।बरु, अन्य भाषाहरूको सम्मान गर्दै बोल्नुहोस्, पढ्नुहोस्, लेख्नुहोस् र यसलाई अघाड़ी बड़ाउनुहोस।**
**किनभने कुनै भाषाको स्वीकृति जति बढी हुन्छ, त्यति नै त्यो अगाडि बढ्छ।**

## तीज

**आज हरतालिका तीज हो| हरतालिका व्रतलाई** हरतालिका तीज या तीजा भनिन्छ। यो दिन कुमारी अनि सौभाग्यवती स्त्रीहरुले गौरी-शंकरको पुजा गर्ने गर्छन। यस अवसरमा दार्जीलिङ, कालेबुङ, खर्साङ, मिरिकमा हिन्दु धर्मावलम्बी महिलाहरूले यस पर्वलाई हर्षोल्लासका साथ पालन गरिरहेका  छन्।

**********